## चिकित्सा शिक्षा आयोग, NBMS सम्बन्धी FAQ

### संस्थासँग सम्बन्धित विषयहरू

- स्पेसियालिटि/सबस्पेसियालिटि कार्यक्रम सञ्चालन गर्न इच्छुक प्रतिष्ठान विश्वविद्यालय तथा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त संस्था बाहेकका अन्य संस्थाले चिकित्सा शिक्षा आयोग नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले माग गरेबमोजिमको स्वमूल्याङ्कन पेश गर्नुपर्नेछ ।
- स्वमूल्याङ्कन पेश गर्ने संस्थाहरूको स्थलगत अनुगमन गरिनेछ ।
- बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले सम्बन्धित सरकारको स्वास्थ्यसम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्दछ।
- कार्यक्रम सञ्चालन गर्न नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि २०७७ बमोजिम आवश्यक पूर्वाधार पूरा गरेको हुनुपर्नेछ ।
- कार्यक्रम सञ्चालनका लागि सीट प्राप्त गर्ने संस्थाहरूले नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजसँग द्विपक्षीय करार सम्झौता गर्नुपर्नेछ । उक्त करार सम्झौता बमोजिम स्पेसियालिटि तथा सवस्पेसियालिटि तहका कार्यक्रम सञ्चालन हुनेछन् ।
- बोर्ड अन्तर्गत सञ्चालन हुने कार्यक्रममा आबद्ध हुन चाहने संस्थाले स्पेसियालिटि तहमा अध्ययन गर्ने विद्यार्थीलाई कम्तिमा नेपाल सरकारको मेडिकल अधिकृत र सवस्पेसियालिटि तहमा अध्ययन गर्ने विद्यार्थीलाई कम्तिमा नेपाल सरकारको नवौं तहको विशेषज्ञले पाउने तलब बराबरको निर्वाह भत्ता उपलब्ध गराउनुपर्नेछ । सो बाहेक विद्यार्थीलाई आवास तथा अन्य सुविधा सम्बन्धित संस्थाले उपलब्ध गराउन चाहेमा थप गर्न सक्नेछ ।
- कार्यक्रममा आबद्ध हुन चाहने अस्पताल/संस्थाले विद्यार्थीलाई नियमित ओपिडी तथा क्लिनिकल काम बाहेक हप्तामा दुइपटक चौबीस घण्टे ड्युटी लगाउन सक्नेछ । अन्तिम परीक्षाको तयारीका लागि विद्यार्थीलाई कम्तिमा परीक्षाको दुई हप्ता अगाडि क्लिनिकल दायित्वबाट छुट्टी दिनुपर्नेछ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

प्रा.डा. आरती (खनाल) शाह
निर्देशक

**विद्यार्थीसँग सम्बन्धित विषयहरू**

- स्पेसियालिटि/सवस्पेसियालिटि तहमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले आयोगले सञ्चालन गर्ने सम्बन्धित तहको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।
- एकीकृत प्रवेश परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरूले आयोगले तोकेबमोजिमको म्याचिङ्ग प्रणाली अनुसार कार्यक्रम छनोट गर्नुपर्नेछ ।
- स्पेसियालिटि/सवस्पेसियालिटि कार्यक्रम छनोट गर्ने विद्यार्थीहरूले म्याचिङ्ग भइसकेपछि चिकित्सा शिक्षा आयोग **NBMS** निर्देशनालयमा सम्पर्क गरी कबुलियतनामा गर्नुपर्नेछ ।
- चिकित्सा शिक्षा आयोग नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा **(NBMS)** भर्ना भएर मात्र छनोट भएको संस्थामा अध्ययनका लागि जानुपर्नेछ ।
- कुनैपनि कार्यक्रममा भर्ना भएको विद्यार्थी पूर्णकालीन चिकित्सक र आवासीय हुनेछ । अध्ययन अवधिभर अध्ययन गरेको संस्था बाहेक अन्यत्र निजी अभ्यास गर्न पाइने छैन ।
- स्पेसियालिटि तहको कार्यक्रम स्नातकोत्तर तह /**MD/MS** सरहको हुनेछ यस कार्यक्रममा उत्तीर्ण विद्यार्थीलाई फेलो सहितको उपाधि प्रदान गरिनेछ ।( Fellow of National Board, FNB, Specialty)
- सवस्पेसियालिटि तहको कार्यक्रम **DM/MCh** सरहको हुनेछ यस कार्यक्रममा उत्तीर्ण विद्यार्थीलाई फेलो सहितको उपाधि प्रदान गरिनेछ ।( Fellow of National Board, FNB, Subspecialty)
- बोर्ड अन्तर्गत सञ्चालन हुने स्नाकोत्तर तथा सो भन्दा माथिल्लो तहको कार्यक्रमलाई क्रमश **MD/MS** र **DM/MCh** वा सो सरहको मान्यता प्रदान गरिनेछ ।
- स्पेसियालिटि/सवस्पेसियालिटि तहको अन्तिम परीक्षा तथा सर्टिफिकेशन सम्बन्धी कार्यहरू चिकित्सा शिक्षा आयोग नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजबाट हुनेछ ।

स्पेसियालिटि/सवस्पेसियालिटि तहका कार्यक्रममा भर्ना भई अध्ययन गर्नका लागि देहायबमोजिमको दस्तुर चिकित्सा शिक्षा आयोगमा बुझाउनुपर्नेछ ।

**विद्यार्थीले चिकित्सा शिक्षा आयोग (NBMS) मा बुझाउनुपर्ने दस्तुर**

क. रजिष्ट्रेशन वापत रू. ५०,००० (पचास हजार रुपैंयाँ मात्र) भर्नाको समयमा

ख. थेसिस/ लगबुक/ E-Logbook Processing तथा रिभ्यू ५०,०००(पचास हजार रुपैंयाँ मात्र) दोस्रो वर्षमा

ग. NBMS Board Examination तथा सर्टिफिकेशनका लागि एकमुष्ठ रकम रू. २,०००,००( दुईलाख रुपैंयाँ मात्र) तेस्रो वर्षमा

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

प्रा.डा. आरती (खनाल) शाह
निर्देशक

२ विद्यार्थी आफैंले व्यहोर्नुपर्ने रकम/खर्च

क. स्पेसियालिटि तथा सबस्पेसियालिटि तहका कार्यक्रममा भर्ना भई अध्ययन पूरा गर्न आवश्यक पर्ने अनिवार्य तालिम तथा सेमिनारहरूमा सहभागी भएबापतको रकम

ख. आवास/ यातायात तथा अन्य व्यक्तिगत खर्चहरू

विस्तृत जानकारीका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ तथा नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ हेर्न सकिनेछ ।

अन्य जानकारीका लागि आयोगको वेभसाइट www.mec.gov.np तथा पत्राचारका लागि dir.spe@mec.gov.np मा सम्पर्क गर्न सकिनेछ ।त्यसैगरी ०१६६३९४१४ मा टेलिफोन सम्पर्क गर्न सकिनेछ ।

प्रा.डा. आरती (खनाल) शाह
निर्देशक

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर